# भूमे साप्ताहिक

वर्ष ६ अङ्क १७ २०८१ असोज ०६ आईतबार

## सम्पादकीय

# महंगी र कालाबजारी नियन्त्रण गरौं

नेपालीहरुको विशेष चाडपर्व दसैं, तिहार नजिकिदै गर्दा बजारमा महंगी, कालाबजारी र वस्तुहरुको कृत्रिम अभाव सिर्जना गर्ने खेल शुरु भइसकेको छ। चाडपर्वमा विभिन्न दैनिक उपभोगय वस्तुका साथै कपडा लत्ताहरुको धैरे खपत हने गर्दछ। वर्ष दिनभरि काम गर्ने मजदूरहरुदेखि विदेशमा रहेका नेपालीहरु घर फर्किने र पारिवारिक जमघटमा चाडपर्व मनाउने प्रचलन भएकोले नयाँ कपडा, खानेकुराको माग बढ्नु स्वभाविक हो।

यहीँ मौका छोपेर गलत नियत भएका व्यापारीहरुले कालाबजारी गर्ने, महंगी हात्तै बढ़ाउने जस्ता क्रियाकलाप गरिरहेका हन्छन्। आफूसँग भएको सामान केही समय लुकाएर अभाव सिर्जना गर्ने र मूल्य बढाएर बिक्री गर्ने गर्न पछि पर्दैन्। मौका छोपेर उपभोक्ता (आम नागरिक) लाई ठग्ने, कालाबजारी गर्ने, म्याद सकिएका सामान बेच्ने प्रवृत्ति अहिले पनि यथावत नै छ।

चाडपर्वमा सबै रमाउने पर्व हो, कसैले कसैलाई ठग्ने, लुट्ने मौका होइन। त्यसैले स्थानीय सरकार र सरकारी निकायले चाडपर्वको बेला मात्रै होइन, नियमित रुपमा बजार अनुगमन जरुरी छ। आम उपभोत्तालाई लूटिनबाट जोगाउन सरकारले बजारमा हुने सबैखाले विकृति विसंगति, महंगी नियन्त्रण गर्न विशेष पहलकदमी चाल्नु आवश्यक छ। यस्ता कार्यमा प्रभावकारी रुपमा कार्यान्वयन तहमा स्थानीय सरकार हने भएकाले स्थानीय तहबाटै नियमित बजार अनुगमन, मूल्य सूची अध्यावधिक गर्न जरुरी छ।



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# वर्षाले क्षति पुगेका सडक मर्मत कार्य हुदैँ



❖ भूमे संवाददाता

रुकुमपूर्वको भूमे गाउँपालिकामा वर्षाले क्षति पुगेका सडक मर्मत गरिएको छ। वर्षाले क्षति पुगेका जिल्लाका ग्रामीण तथा प्रादेशिक एवम् राष्ट्रिय आयोजनाका सडक मर्मत कार्य सुरु गरिएको हो।

ग्रामीण सडक स्थानीय सरकारले मर्मत कार्य गरेका छन्। भने प्रादेशिक र राष्ट्रिय सडक मर्मतको लागि सम्बन्धीत आयोजना कार्यालय र ठेकेदारले मर्मत गर्ने भएका छन्। दसैंतिहार मान्नका लागि विभिन्न ठाउँबाट गाउँ आउने र सरसामान ल्याउन सहजताका लागि वर्षाले क्षति पु¥याएका जिल्ला स्थित सम्पूर्ण सडक मर्मतमा लागिएको हो। जिल्ला स्थित मध्यपहाडी लोकमार्ग बाहेक सहिद मार्ग सहित प्रादेशिक र ग्रामीण सडक कच्ची छन्। कच्ची सडककै कारण हरेक वर्षको वर्षायाममा अधिकांश सहिदमार्ग खण्ड र ग्रामीण सडक पहिरोले अवरुद्ध हुने गरेको छ।

वर्षायाम सकिएसँगै चाडपर्व आइरहेकोले अवरुद्ध सडक खण्डलाई सुचारु गर्नका लागि सम्बन्धीत कार्यालयलाई अपिल गरिएको जिल्ला समन्वय समिति रुकुमपूर्वका प्रमुख मेघबहादुर श्रेष्ठले बताउनुभयो। समयमै सडक सुचारु भएमा आउजाउका साथै ढुवानीका काममा सहज हुने प्रमुख श्रेष्ठले जानकारी दिनुभयो।

अपिल गरे अनुसार जिल्लाका पुथाउत्तरगङ्गा , भूमे र सिस्ने गाउँपालिकाले सडक मर्मत कार्य गरिसकेको उहाँले बताउनुभयो। अवरुद्ध सडक दसैं अघि नै सम्बन्धीत कार्यालयले काम सुरु गरिसकेको भूमे गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठले बताउनुभयो।

प्रादेशिक सडक खण्डको मर्मतका लागि जिल्लाको सडक पूर्वाधार विकास कार्यालय, सहिद मार्ग खण्ड र मध्यपहाडी लोकमार्ग खण्डमा सम्बन्धीत आयोजना कार्यालय र सडक निर्माणका लागि जिम्मा लिएका निर्माण व्यवसायलाई अनुरोध गरिएको अध्यक्ष श्रेष्ठको भनाइ रहेको छ।

गाउँपालिकाले पनि प्रत्येक वडाबाट अवरुद्ध सडक मर्मतको कार्य भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देबिलाल बिकले जानकारी दिनुभयो। वर्षाले अवरुध भएका ग्रामीण सडक मौसम सफा भए संगै मर्मत कार्यमा लागिएको अधीकृत बिकले जानकारी दिनुभएको छ।

# रुकुमपूर्वमा सहुलियत मूल्यले खाद्यको चामल किन्नेको सङ्ख्या वृद्धि




❖ *भूमे संवाददाता*

दसैंतिहार लक्षित गर्दै खाद्य व्यवस्था तथा व्यापार कम्पनी रुकुमपूर्वले खोलेको सहुलियत मूल्य पसलले चामल किन्नेको सङ्ख्या वृद्धि भएको छ। सिस्ने गाउँपालिका–६ रुकुमकोटमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको कार्यालयले सञ्चालन गरेको सहुलियत मूल्य पसलले चालम किन्नेको सङ्ख्या वृद्धि भएको हो।

हरेक दिन बिहान १० बजेदेखि साँझ ५ बजेसम्म सहुलियतमा चामल किन्नेको भीड हुने गरेको छ। असोज ४ गतेदेखि सुरु भएको सहुलियत मूल्य पसलबाट दैनिक ३० क्विन्टल चामल बिक्री हुने गरेको खाद्य व्यवस्था तथा व्यापार कम्पनीका कार्यालय प्रमुख चन्द्रबहादुर खड्काले बताउनुभयो।

कम्पनीले दसैं तिहारको लक्षित गरेर सञ्चालन गरेको सहुलियत मूल्यको पसल सञ्चालन गरे देखि खाद्यको शाखा कार्यालयमा दैनिक चामल किन्नेको भीड हुने गरेको प्रमुख खड्काले जानकारी दिनुभयो। चामल बिक्रीमा छूट नहुँदाको समयमा दैनिक ५–६ क्विन्टल मात्र चालम बिक्री हुने गरेको थियो। सहुलियतले गर्दा हाल ६ गुणाले बढेर दैनिक ३० देखि ४० क्विन्टल सम्म चामल बिक्री भइरहेको प्रमुख खड्काले बताउनुभयो।

असोज ४ देखि हाल सम्म साढे चार सय क्विन्टल चामल बिक्री भएको उहाँले बताउनुभयो। यस जिल्लामा सहुलियत मूल्यमा पसल सञ्चालनका लागि सात सय क्विन्टल चामल बिक्रीको लागि कम्पनीको केन्द्र कार्यालयले कोटा निर्धारण गरिदिएको छ। सहुलियत मूल्यमा पसल सञ्चालनका लागि आगामी माघ २ गते सम्मको लागि अवधि तोकिदिएको छ। यदि उक्त अवधि भित्र तोकिएको चामल बिक्री भएमा थप कोटाको लागि केन्द्रीय कार्यालयमा माग गरिने खड्काको भनाइ रहेको छ।

उहाँले भन्नुभयो, "बजारमा भन्दा हामीले एक क्विन्टलमा पाँच सय रुपियाँ कममा बेचेका छौं, त्यसैले चामल किन्नेको सङ्ख्या वृद्धि भइरहेको छ।" प्रति किलोमा ५ रुपियाँका दरमा छूट दिइराखेको उहाँले बताउनुभयो।

स्टिम जिरा मसिनो चामल र सोना मन्सुली चामल गरी दुई प्रकारको चामल कम्पनीमा रहेको छ। यसैगरी दसैं तिहार लक्षित गर्दै जिल्लाको माथिल्लो समुदायका लागि पुथाउत्तरगङ्गा गाउँपालिका–१० तकको बिक्री केन्द्रबाट पनि अबको दुई दिन पछिबाट चामल बिक्री गर्न लागिएको कम्पनीले जनाएको छ।

# अधिकांश व्यवसाय मापदण्ड विपरित सञ्चालन



रुकुमपूर्वमा समय समयमा बजार अनुगमन गरिराखिएको छ। हरेक बजारमा सञ्चालन रहेका अधिकांश व्यवसायमा कमीकमजोरी देखिएको छ। सरसफाईमा ध्यान नदिएको, दर्ता प्रक्रिया पूरा नगरी व्यवसाय सञ्चालन, दर्ता गरिएकोमा पनि नविकरण नगरिएको लगायत अस्तव्यस्त अवस्थामा अधिकांश व्यवसाय सञ्चालनमा रहेको पाइएको छ। चाडपर्वको समयमा बजारमा गुणस्तरहीन वस्तुको बिक्री वितरण भइरहेको गुनासो आएपछि तथा चाडपर्वमा कालोबजारी हुन नदिने उद्देश्यले जिल्लामा बजार अनुगमन गरिराखिएको छ। जिल्ला प्रशासन कार्यालय, गाउँपालिका, उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग कार्यालयले संयुक्त रूपमा केही दिन अघि देखि बजार अनुगमन गरिराखेको छ। मासु पसल, खाद्यान्न तथा तरकारी पसल, होटेल तथा मदिरा पसल लगायत पसलमा अनुगमन गरिराखिएको छ।

व्यवसायीलाई व्यवसाय सञ्चालन गर्न कानुनी मापदण्ड पूरा गर्न जिल्ला अनुगमन समितिका संयोजक तथा सहायक प्रमुख जिल्ला अधिकारी जीवनकुमार खड्काले व्यवसायीलाई निर्देशन दिनुभयो। सहायक प्रमुख जिल्ला अधिकारी खड्का अनुसार एउटा व्यवसायीले एउटा मात्रै व्यवसायी दर्ता गरेर एउटा व्यक्तिले एकै ठाउँमा २ देखि ६ वटा सम्म व्यवसाय सञ्चालन गरिराखेको समेत पाउने गरिएको छ। अधिकांश पसल तथा व्यवसायले न्यूनतम मापदण्ड समेत पूरा नगरेको, पसलमा मूल्य सूची नराखेको, बिलबिज जारी र नविकरण नगरेको धेरै जसो पसल मापदण्ड विपरित सञ्चालन रहेको, पुरानो बिल काटेर कर छली गरिरहेको समेत पाउने गरेको सहायक प्रजिअ खड्काले जानकारी दिनुभयो। अस्तव्यस्त रुपमा सञ्चालन रहेका व्यवसायलाई कुनैमा सल्लाह, सुझाव र पटकपटक अटेरी गर्ने व्यवसायलाई कसैलाई नगद जरिमाना र कुनै व्यवसायलाई सिल समेत गर्ने गरिएको खड्काले बताउनुभयो।



# तीन मासु पसल सिल

## *करिब १७ हजार बराबरको सामान बरामद*



❖ भूमे संवाददाता

रुकुमपूर्वको भूमे गाउँपालिकामा बजार अनुगमन गरिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी जीवन कुमार खड्काको संयोजकत्व र भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देबिलाल बिक. को उपस्थितिमा चाडपर्वको समयमा बजारमा गुणस्तरहीन वस्तुको बिक्री वितरण भइरहेको गुनासो आएपछि तथा चाड पर्वमा हुने कालोबजारी र म्याद गुज्रिएका सामान बरामद गर्ने उदेश्यले भूमे गाउँपालिकाको मुख्य व्यापारीक बजारहरुमा अनुगमन गरिएको हो।

जिल्ला प्रशासन कार्यालय, भूमे गाउँपालिका, रुकुमकोट उद्योग वाणिज्य संघ, घरेलु तथा सानाउद्योग कार्यालय लगायत सरोकारवाला निकायहरुको संयुक्त उपस्थितिमा भूमे गाउँपालसकाको खाबङबजार, काँक्री र लुकुममा रहेका मासु पसल, खाद्यान्न पसल तरकारी पसल, होटेल तथा मदिरा पसल लगायत अन्य पसलहरुमा अनुगमन गरिएको छ।

खाबाङबगर, काँक्री र लुकुममा गरि ३७ ओटा पसलहरु अनुगमन गर्दा म्याद गुज्रिएका १६ हजार ९ सय ५५ रुपैयाँ बराबरको सामान बरामद गरि नस्ट गरिएको छ र मापदण्ड विपरीत सञ्चालन गरिएका तीनवटा मासु पसलहरु सिल गरिएको सहायक प्रमुख जिल्ला अधिकारी तथा बजार अनुगमन समिति संयोजक जीवन कुमार खड्काले बताउनुभयो।

सहायक प्रमुख जिल्ला अधिकारी जीवन कुमार खड्काका अनुसार व्यवसायीहरुलाई पसल अनुसार मापदण्ड पुरा गर्न निर्देशन गरिएको छ भने अझैं बजार अनुगमनको कामलाई तिव्रता दिइने बताइएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी खड्का अनुसार भूमे गाउँपालिकामा एउटा व्यवसायीले एउटा मात्रै व्यवसायी दर्ता गरेर एउटा व्यक्तिले २ देखि ५ / ६ ओटा व्यवसाय गरेको, अधिकांश पसल तथा व्यवसायले न्यूनतम मापदण्डसमेत पुरा नगरेको पसलमा मूल्य सूची नराखेको, बिलबिजक जारी र नवीकरण नगरेको धेरै जसो पसलहरु मापदण्डविपरीत रहेको पाइएको, पुरानो विल काटेर कर छली गरेको, लगायतका कुरा भेटिएको छ। बजार अनुगमन कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी जीवन कुमार खड्का, भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवीलाल बि.क, भूमे गाउँपालिका वडा नम्बर २ का वडा अध्यक्ष तथा गाउँपालिकाका प्रवक्ता नारायण पुन, इलाका प्रहरी कार्यालय काँक्रीका प्रमुख दिप बहादुर खड्का, एकीकृत कृषि तथा पशुपन्क्षी विकास कार्यालय रुकुमपूर्वका अधिकृत छैट्टौं छविलाल घर्ती मगर, घरेलु तथा साना उद्योग कार्यालयका नायब सुब्बा सन्तोष मल्ल, भूमे गाउँपालिकाका प्रशासन शाखा प्रमुख चेत बुढा, रुकुमकोट उद्योग वाणिज्य संघका सचिव चेत कुमार विसी, घरेलु तथा साना उद्योग कार्यालयका तथ्यांक सहायक रुपा आचार्य लगायतको उपस्थिति रहेको थियो।

# हराउदैँ मौलिक्ता बजारिया डिजे र डेकले ठाउँ लिदैँ

❖ **बालाराम शेर्पाली**

गाउँमा यति वेला जता ततै दसैं तिहारको रौनक्ताले गर्दा गाउँ रमझम भएको छ। किसानहरु भने बर्खे बालि भित्र्याउने चतारोमा रहेका छन्। रुकुमपूर्वको भूमे गाउँपालीका वडा नं. ३ झुम्लाबाङमा सिङ्गारु नाच बाजे बाजुराको पाला देखि नाच्दै गाउँदै आएको सबै भन्दा पुरानो र उत्कृष्ट भूमेको झुम्लाबाङमा मात्र नाचिने नाच हो। जिल्लाको भित्रको अधिकाशं लोकसंकृति कतै हराउँदै जानु र अहिलेको युवा पुस्ताले चासो नदिदाँ निकै नै चिन्ता जनक रहेको छ।

दसैं लगाएतका चाडबाड र अन्य पर्वहरुमा हुने विभिन्न किसिमको सस्कृतिक जगेर्ना र भोलिको पुस्तालाई हस्तारण गर्न सकिन कि भने तरास रहेको झुम्लाबाङको ६३ बर्षीया तोप बहादुर बिकले बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ "दशैको बेला गाउँमा हालिने लिगेपिङ पनि अघिल्लो बर्षको दसैं देखि नै हाल्न छोडेका छन" गाउँ भरी युवा जम्मा भएर नाचगान र दसैंतिहारको पर्वहरुमा रात भरि रमाईलो गर्दथे पूर्खाले जगेर्ना गर्दै आएको संस्कृति लोप हुन थाल्ला वुढा पाखाहरुले निकै नै चिन्ता जनक रहेको बिकले बताउनभयो।

जब दसैंको सोह्र सराद सुरु हुन्छ श्रराद सुरुभएको दिन देखि सोरथी गाउँन सुरु गरिन्छ।ह देवि र माता दुर्गा माता भन्दैं लामो स्वरमा मादलको ताल्मा रात भरी युवायुवती लहरै भएर नाचेको अहिले सम्झिदा कथा जस्तो लागेको ७४ बर्षको तिलु सुनारले स्मर्ण गर्दैं सुनाउनुहुन्छ।

सोही गाउँका ८३ वर्षिया तिमाला बिकले सुनाउनुहुन्छ।आफ्नो पालामा तरुनी केटि अर्थात युवतिले पिङको डोरी बनाउन जङलमा गएर बाबियो काटेर ल्याउने र तन्नेरी केटाले जङलबाट लामो डालि भएको लिङ्गो काटेर दसैंमा पिङ हाल्ने गरेको स्मरण गर्दैं अहिलेको केटाकेटीहरुमा पहिलेको जस्तो जाँगर र संस्कृतिप्रतिको मोह नभएको बताउनुहुन्छ।

पहिले सबै गाउँमा पिङ हालेको प्रशस्त हुन्थो अहिले पिङ हालेको गाउँ कमै भेतिन्छन।दसैंमा मात्र नाचिने सिगांरु नाच र सोरथी गाउँन भन्दा युवायुवती मोबाईल ईन्टरनेटर टिभिमा रमाउन थालेका छन।प्रविधिको विकासले गर्दा पुर्खाले चलाएको लोप उन्मुख सिगांरु नाच लोप हुने अबस्था पुग्ने भन्दै स्थानीय नागरिकहरुले चिन्ता ब्यक्त गरेका छन्।

लोकसंस्कृतिको संरक्षण र सम्वद्र्धनमा युवा पुस्ताले ध्यान नदिए भने अर्को पुस्ताले देख्न नपाउने स्थानीय नागरिकहरुको भनाई रहेको दसैंमा घर लिपपोत गरेर माथितिर कमेरो माटो र तलतिर रातोमाटोले घर लिपेर झकिझकाउँ पारिन्थो।अहिले माटो ठाउँमा बजारि रङ चुन लगाउन थालेका छन।पहिले गाउँघर कै झ्याली,दमाह,पैचन लगायतको स्थानीय बाजा घन्किन्थे भने अहिले बजारको डिजे डेकले ठाउ ओगतेको छ।

# गहुँ खेती प्रविधि



गहुँ खेती गर्न कम खनजोत वा सतहि छराई गर्ने तरीकाबाट गर्न सकिन्छ। रोटोभेटर वा पावर ट्रेक्टरबाट जोताई गरी सोझै गहुँ छर्न सकिन्छ। जमिनमा प्रयाप्त मात्रामा चिस्यान संरक्षण गर्ने गरी जमिनको तयारी गर्नुपर्छ। खेत तयार भएपछि आवश्यक मलखादको आधा भाग नाइट्रोजन, पुरा भाग फसफोरस र पुरा भाग पोटास हाल्ने र राम्रोसँग खेतमा मिसाएर मात्र बिउ छर्ने काम गर्नुपर्दछ। बाँकी नाइट्रोजनको मात्रा यूरीयाको माध्यमबाट पहिलो र दोस्रो सिंचाईपछि टप ड्रेस गर्नु पर्दछ।

***सिंचाई***

जमिन सुख्खा छ भने बाली लगाउनुभन्दा अगाडी नै सिंचाई गर्नुपर्छ। गहुँ बालीमा पानी जम्मा हुन दिनु हुँदैन तसर्थ खेत राम्ररी सम्याएको हुनुपर्छ। दुई चोटी सिंचाई गर्नु जरुरी छ।

***गोडमेल***

समय–समयमा गोडमेल गरी झारपात निकाल्नुपर्छ। गहुँको थारोपना (स्टरलिटी) हटाउन सुक्ष्म तत्व बोरेक्स २ के.जी. प्रति हेक्टर छर्दा प्रभावकारी हुन्छ। पहेलो सिन्दूरे रोग सहन सक्ने जात डब्लु.के. १२०४ लगाउँदा राम्रो हुन्छ। श्रोत संरक्षण विधि सम्बन्धि प्रविधिको विकास भईसकेकोले धान काट्नु अघि सतहमा बीउ छर्न। धान काटेपछि जमिन जोतखनन् नगरी माटोमा चिस्यान नसुकदै सीड ड्रिल मेसिन वा पावर टिलर वा रोटोभेटरद्वारा सामान्य खनजोत गरी मल बिउ छर्ने। श्रोत संरक्षण विधिबाट खेती गर्न गौतम, भृकुटी, आदित्य र एन.एल ९७१ जात ठीक समयमा छर्नका लागि उपयुक्त भएको र ढिलो छर्नका लागि विजय र भृकुटी जात उपयुक्त हुन्छ। गहुँ राम्रोसँग पाकेर पुरै दाना सुकेपछि काट्नुपर्छ। भण्डारण गर्दा राम्रोसँग घाममा सुकाएर मात्र गर्नुपर्छ। भण्डारण गर्दा हावा नछिर्ने पोली ब्यागको प्रयोग गर्नु उत्तम हुन्छ।

भण्डारण गर्दा किरा नलाग्न दिन नीमको धुलो, तितेपातीको धुलो प्रयोग गर्न सकिन्छ।

***बीजको छनौट :*** उन्नत जातको बीउ छनौट गर्ने।

***बीउको उपचार :*** भाइटाभेक्स २०० बिषादी ३ ग्राम प्रति के.जी.गहुँ बीउमा राम्ररी मिसाई उपचार गर्ने।

मूख्य जातको छनौट (जातीय छनौट) उच्च पहाडी तथा मध्य पहाडको लागि : अन्नपूर्ण –१, अन्नपूर्ण –३, अन्नपूर्ण–४, गौरा, धवलागिरी, डब्लु.के.– १२०४, पासाङ ल्हामु।

***जग्गाको तयारी :*** प्रयाप्त चिस्यान संरक्षण गरी जमीनलाई गहिरोसँग जोत्ने र कम्पोष्ट १०–१५ मे.टन प्रति हेक्टर माटोमा मिलाउने।

***मलखाद :*** १०–१५ मेटन प्र.ाङ्गारीक वा गोडमल सहित प्रति हेक्टरका दरले नाइट्रो जन, फोसफोरस र पोटास अर्थात (डि.ए.पि. ३.५ के.जी., यूरिया २.२ के.जी., म्युरेट अफ पोटास १.५ के.जी. प्रति कठ्ठा) जग्गा तयारीकोबेला प्रयोग गर्ने।

***बीउ छर्ने तरीका :***

१२० के. जी. प्रति हेक्टर बीउ छर्ने र माटोले सम्याउने।४ किलोग्राम बीउ प्रति कठ्ठाका दरले छर्ने।ढिला छर्दा ४.५ के.जी. प्रति कठ्ठा बीउ छर्ने।

***सिंचाई व्यवस्थापन :***

१. सुख्खा भएमा बाली लगाउनु अगाडी सिंचाई गर्ने।

२. पहिलो सिंचाई बीउ उम्रेको २१ दिनपछि।

३. दोस्रो सिंचाई बाला पसाउने बेलामा।

***गहुँ छर्ने तरीका :***

१. बीउलाई सोझै माटोमा छर्ने (छरुवा प्रविधि)

२.३–४ सेन्टीमिटर गहिरो गरी बीउ लाईनमा राख्ने र एकहारको दूरी २० सेन्टीमिटर राख्ने।

झारपात नियन्त्रण : गोडमेल गरी झार निकाल्ने र बिषादीको प्रयोग नगर्ने।

मलखादको मात्रा : ५० के. जी. नाइट्रोजन टप ड्रेसिङ्गमा प्रयोग गर्ने।

***टप ड्रेसिङ्ग :*** टप ड्रेसिङ्ग गर्ने पहिलो सिँचाईपछि।

***पानीको व्यवस्थापन :*** जमिनमा प्रयाप्त मात्रामा चिस्यान संरक्षण हुनुपर्छ।

***पानीको निकास :*** उपयुक्त नाला र कुला बनाई पानीको निकास गर्ने।

कटनासक विषादीको प्रयोग : किराहरु देखिए मात्र प्रयोग गर्ने।

***रगीङ्ग गर्ने तरिका :*** बेजात, झारपात, अस्वस्थ बोट तथा अन्य बालीको बोट बिरुवा झिक्ने।

बीउको लागि छनौट तरीका : पाक्नुभन्दा अली अगाडीनै रगीङ्ग गर्ने र स्वास्थ बीउ छान्ने।

***अन्य ब्यबस्थापन :*** बाली चक्र र मिश्रण खेती प्रविधिको प्रयोग।

***गहुँ काट्ने :*** अवस्था बाली पहेलिन थालेर दाना सुख्खा भएपछि काट्न

# जैविक सुरक्षा र यसको महत्व

❖ नारायण ओली

बर्तमान अवस्थामा पशुपालन क्षेत्रमा पनि जैविक सुरक्षाको महत्व दिन प्रतिदिन बढिरहेको पाउंछौं किनकि पशुपालन मानिसको लागि खाद्य बस्तुसित मात्र नभएर प्रत्यक्ष रोजगारीसित पनि सरोकार भएको विषय हो।सर्थ जैविक सुरक्षाको विषयलाई अलग राखेर पशुपालन क्षेत्रलाई अगाडि बढाउने भन्ने कुरालाई कल्पना सम्म पनि गर्न सकिन्न। दिगो पशुजन्य उत्पादनमा जैविक सुरक्षाको प्रमुख भूमिका रहेको छ भने जैविक सुरक्षाको सिद्धान्त नै पशु स्वास्थ्यको आधार भएको छ जसले गर्दा यसको सम्बन्ध खाद्य सुरक्षा, जुनोटिक रोग (पशुबाट मानिसमा सर्ने रोग) को नियन्त्रण र व्यापारसित गांसिएको छ।



पशुपंक्षीपालनमा बढ्दो व्यवसायीकरणसंगै उन्नत नश्लका बढी उत्पादशिल पशुपंक्षीमा उल्लेख्य रुपमा लगानी पनि बढ्दो छ।उन्नत नश्लका पशुपंक्षीहरु तुलनात्मक रुपमा रोगहरु प्रति बढी सम्वेदनसिल हुने भएकोले व्यवसायिक फार्महरुमा जैविक सुरक्षा अपनाउन ज्यादै आवश्यक देखिन्छ।साथै निर्वाहमुखी उत्पादन प्रणालीमा वा मिश्रित खेती प्रणाली अपनाई आएका अवस्थामा पनि खास गरी खाद्य स्वच्छता तथा रोगको प्रकोप न्यून गर्न जैविक सुरक्षाका उपायहरु प्रभावकारी सिद्ध भएको पाइएको छ।

तसर्थ जैविक सुरक्षाको अवधारणालाई दुध, मासु, फुल जस्ता पशुजन्य पदार्थको उत्पादन, ओसारपसार, प्रशोधन तथा उपभोगका हरेक चरणमा आवद्ध गर्नु अपरिहार्य देखिन्छ।

पशुपंक्षीहरुमा रोगको संक्रमण न्यून गर्न, रोग फैलनबाट बचाउन र रोकथाम तथा उपचारमा हुने खर्च कटौती गर्न र अन्ततः स्वच्छ एवं स्वस्थकर पशु जन्य उत्पादनमा जैविक सुरक्षाको अवलम्बन एक अनिवार्य आवश्यकता बन्न पुगेको छ।

### *जैविक सुरक्षा भनेको के हो ?*

१.जैविक सुरक्षा भनेको सुरक्षित जीवन हो।

२. जैविक सुरक्षा एक प्रकृया हो जसले जीवाणुको संक्रमण तथा आक्रमणबाट बचाउंछ र यो प्रकृया एक ठाउं वा स्थानमा मात्र नभएर फार्म, जिल्ला, क्षेत्र तथा मुलुकभरि लागु गर्न सकिन्छ।

३. जैविक सुरक्षा एक व्यवस्थापकीय प्रकृया हो र यसका सतर्कताका उपायहरुले रोगहरु उत्पन्न हुन वा रोगको

***जैविक सुरक्षा कहिले अपनाउने ?***

जैविक सुरक्षा रोग फैलिएको समयमा मात्र नभैकन हरसमयमा अपनाउनु पर्दछ।
जैविक सुरक्षा कार्यमा महत्वपूर्ण भूमिका खेल्दछ।

**निःसंक्रमण**

भनेको रोगका कारक जिवाणु तथा विषाणुहरुलाई खास रसायनहरुको प्रयोगले मार्ने वा यिनीहरुको बृद्धिलाई रोक्ने कार्य हो।यस कार्यमा प्रयोग गरिने रसायनहरुलाई भनिन्छ।

***केही प्रचलित निःसंक्रमण रसायनहरुः***

(१)अक्सिडाईजिंग एजेण्टहरु(हाईडोजन पेरोक्साईड र भिरकन।
(२) अलकोहलहरु (ईथानोल)।
(३)हेलोजेनहरु(सोडियम हाईपोक्लोराईट, लुगा धुने सोडा)।

**रोग मुक्तिकरण**

रोग मुक्तिकरण भनेको सरसफाई वा निःसंक्रमणको माध्यमबाट रोगको कारक जिवाणु, विषाणुलाई मुक्त गर्ने वा नकारात्मक असर गर्ने रसायनहरुको प्रभावलाई शून्य गर्ने हो।तसर्थ रोग
क्तिकरणले जैविक सुरक्षा र निःसंक्रमणमा गहिरो सम्बन्ध राख्दछ।

***जैविक सुरक्षा अपनाएमा के हुन्छ ?***

- मनलाई शान्ती मिल्ने।
- पशुपंक्षीको सुरक्षा हुने।
- व्यवसाय फष्टाउने।
- उद्योगको उन्नती हुने।
- समुदायको उन्नती हुने।

***असल तथा उचित जैविक सुरक्षाबाट प्राप्त हुने फाईदाहरु***

- रोगको खतराबाट मुक्त गराउंछ।
- जनस्वास्थ्य सम्बन्धि रोगहरुमा कमी आउंछ।
- डरोगलाई उत्पन्न हुन र फैलनमा सिमित गरि रोगहरुबाट बचाउंछ।
- धेरै पशुपंक्षीको स्वास्थ्यमा सुधार ल्याउंछ।
- रोगको रोकथाम र उपचारमा हुने खर्चलाई कमी गराई आयमा बृद्धि गराउंछ।
- फार्मको उत्पादन क्षमतामा बृद्धि ल्याउंछ।

***रोग फैलिन सक्ने कारणहरु***

- मानिस तथा पशुहरुको स्थान परिवर्तन तथा आवागमन को कारणले।
- पशुपंक्षी फार्म अवलोकन गर्न आउने मानिस र सवारी साधन तथा ढुवानीको प्रयोजनका गाडीहरु।
- फार्ममा, गोठ तथा खोरमा प्रवेश गराईएका नयां पशुपंक्षीहरु।
- छिरछिमेकका पशुहरुसितको सम्पर्क।

- फार्ममा एक आपसमा प्रयोग गरिएका सामग्रीहरु।
- जंगली जनावर र जंगली पंक्षीहरुको संसर्गमा आएको वा तिनहिरुबाट लसपस भै दुषित भएको सामग्रीहरु।
- पशुपंक्षीले दुषित नदीनालाको पानी खाएमा वा प्रयोग गरेमा।

***रोग फैलिन नदिने उपायहरु***

- जैविक सुरक्षाको आवश्यकता तथा महत्व बारे सचेत हुने।
- कपडा, जुत्ता वा हातबाट फार्म-गोठ-खोर संक्रमण हुन सक्ने वा रोग फैलिन सक्ने हुंदा कपडा, जुत्ता बदल्ने र यसको सरसफाई प्रति ध्यान दिने।
- सकेसम्म फार्मगोठ खोर अवलोकन गर्न आउने मानिस तथा अन्य गाडीहरुलाई सिमित गर्ने। गोठ, खोर भन्दा टाढै गाडीहरु पार्किङ्गको व्यवस्था गर्ने आवश्यकतानुसार नियन्त्रण गर्ने।
- फार्म-गोठ-खोरसम्म जाने बाटो, गाडी राख्ने ठाउं, दानापानी खाने ठाउँ घांस दाना राख्ने ठाउँ र सो क्षेत्रलाई राम्ररी सफा गर्ने।
- पशुपंक्षीहरुलाई छिमेकीको पशुपंक्षीसित सम्पर्कमा आउन नदिने यसको लागि बधुवापालन वा गोठ-खोरमा नै राख्ने।
- औषधि उपचारमा प्रयोग हुने सामग्रीहरु (औषधि सुई लगाउने र औषधि खुवाउने) को बेग्लाबेग्लै प्रयोग गर्ने।
- फार्म,गोठ,खोर सफा गर्ने सामग्रीहरु छिमेकीसित वांडचुंड गरि चलाएको भए राम्ररी निःसंक्रमण गरि मात्र प्रयोग गर्ने।
- सफा पिउने पानीको मात्र प्रयोग गर्ने।
- पशुबस्तुको आलो मल छरेको भएमा करिब ६ हप्तासम्म पशुपंक्षीलाई त्यसको सम्पर्कबाट टाढै राख्ने।
- पशुबस्तुको पहिचान गर्ने र अभिलेख राख्ने प्रणालीलाई चुस्त र दुरुस्त राख्ने।
- फार्म-गोठ-खोरमा कुनै पशुपंक्षी विरामी भए वा भएको शंका लागेमा ढिलो नगरिकन त्यसलाई अलग राखि प्राविधिकलाई खबर गर्ने।
- मरेको पशुपंक्षीहरुलाई गहिरो खाल्डो खनी पुर्ने वा जलाउने वा डिस्पोजल पिटमा हाली राम्ररी तह लगाउने।

***पशु उत्पादन प्रणालीमा जैविक सुरक्षाका महत्वपूर्ण उपायहरु***

१. पशुपंक्षीसित प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्दा ध्यान दिनु पर्ने कुराहरुः
मानिसहरुको आवत जावत र गाडी लगायतका अन्य साधन सामाग्रीहरुलाई पशुपंक्षी राखिएको ठाउं, क्षेत्र, गोठ, खोर, पशु बजार तथा पशु

राखिने स्थानहरुमा सकेसम्म कम गर्नु पर्दछ जसले गर्दा मानिस, गाडी तथा अन्य विभिन्न औजार र सामग्रीहरुबाट (घांस, दाना, पराल, दुध, अण्डा, मल लगायतका अन्य पदार्थ आदि बोक्ने गाडा, गाडी

जसले रोगका जीवाणुहरु पनि बोक्न सक्दछन्) दुषित हुन सक्ने संभावना कम हुन्छ।

पशुपंक्षीसित प्रत्यक्ष सम्पर्क भैरहने अवस्थामा लगाईने कपडा, जुत्ता, गमबुट, प्रयोग गरिने वा गरिएको सामग्री, गाडी आदिलाई सम्पर्कमा आउनु अगाडी र सम्पर्कमा आई सके पछि राम्ररी सफा र निःसक्रमण गर्नु पर्दछ।

**एउटा जैविक सुरक्षाको उपायले सबै रोगहरुको रोकथामको उत्तर दिदैन तसर्थ रोगको रोकथामको उपायहरुको लागि एकीकृत कार्यक्रमको आवश्यक हुन्छ। यसको लागि एक कृषकको फार्ममा निम्न कुराहरुमा ध्यान दिन सकिन्छ।**

आफुले पालेका पशुहरुको बारेमा सबै विवरण खुल्ने गरी अभिलेख राख्ने (पालिएको सबै पशुपंक्षीको विवरण- अभिलेख दुरुस्त राख्ने) जुन अभिलेखले सबै पशुहरुको विवरण दिन्छ।
पशु बथान शुरु गर्दा राम्रो र स्वस्थ पशुबाट शुरु गर्ने।
संभव भएसम्म बधुवा गरी वा बन्द पद्धति अपनाउने जसले गर्दा छाडा रुपमा पालिएको अन्य पशुहरुको सम्पर्कमा आउने संभावना हुंदैन।
खाद्य स्वच्छताको दृष्किोणबाट सुरक्षित पशु औषधिको प्रयोग गर्न पशु चिकित्सक तथा अनुभवी प्राविधिकको सल्लाह र सिफारीसमा मात्र आवश्यकतानुसार औषधिको प्रयोग गर्ने अन्यथा धेरै प्रयोग भएको अवस्थामा पशुजन्य पदार्थको माध्यमबाट जनस्वास्थ्यमा असर पर्न सक्छ। राम्रो सरसफाईको अभ्यास गरी फार्म क्षेत्रलाई सफा राख्ने। बथानका सबै पशुपंक्षीहरुको लागि आवश्यक गोठ खोर र ठाउंको राम्रो व्यवस्था मिलाउने।

**पशुपंक्षीहरुमा दवाव र तनाव वा सकस कम गर्ने।**

प्रशस्त मात्रामा आहारा खुवाउने र आहारा खुवाउंदा विभिन्न मौसम अनुसार सन्तुलित आहाराको व्यवस्था गर्ने। बथानलाई गोठ तथा खोरबाट हटाई सके पछि पनि त्यस ठाउंमा रोग उत्पन्न गर्न सक्ने जीवाणुहरु रहि रहने हुंदा जैविक सुरक्षाको विधि अपनाएर मात्र पुःन प्रयोग गर्ने।

**पशुहरुमा नयां रोग भित्रिन नदिन के के गर्न सकिन्छ ?**

- नयां पशु खरीद गरिएको भए त्यसालई कम्तिमा पनि २ हप्तासम्म बथानसित नमिसाई बेग्लै राख्ने जसले गर्दा सो पशुमा कुनै रोग लागि सकेको भए थाहा पाउन सकिन्छ।

- यदि पशुलाई कुनै प्रदर्शनीमा लगेर ल्याएको भएमा त्यसलाई बथानमा नमिसाईकन बेग्लै ठाउंमा राख्ने यदि यो संभव नभएमा कम्तिमा पनि छुट्टै कुनामा राख्ने।

- यदि पशुहरु अन्य पशुहरुसित सम्पर्कमा आएको भए वा अन्य कुनै बाहिरको पशु फार्म तथा गोठ, खोरमा प्रयोग हुने भांडाकुंडा तथा औजारहरुसित सम्पर्कमा आएको

अवस्थामा त्यस्तो पशुहरुलाई पनि करिब २ हप्तासम्म निगरानीमा राखि रोगको स्थिति अध्ययन गर्नु पर्दछ।

- फार्म, गोठ खोरमा प्रयोग हुने रौं झार्ने ब्रुस, दानापानी दिने भांडावर्तन आदि साझा रुपमा अरुसित प्रयोग गर्नु हुंदैन किनकि यसबाट छाला र स्वासप्रश्वास सम्बन्धि रोग लाग्ने बढि संभावना हुन्छ।यदि अरुसित मागेर ल्याई काम चलाउनु पर्ने भएमा प्रयोग गर्नु अगाडि राम्ररी सफा र निःसंक्रमण गरेर मात्र प्रयोग गर्ने र प्रयोग गरि सके पछि पनि राम्ररी सफा र निःसंक्रमण गरी मात्र फिर्ता दिने।

- पशु मेला, फार्म, गोठ, खोरको अवलोकन गर्न आउनेहरुलाई पशु छुने तथा पशुलाई केहि खुवाउने जस्ता कार्यलाई हतोत्साह गर्ने किनकि मानिसको माध्यमबाट एक पशुबाट अर्को पशुमा, एक जनावर देखि अर्को जनावरमा जाने भएकोले रोग उत्पन्न गर्ने जीवाणु पनि साथै फैलने मौका पाउन सक्ने हुन्छ।ठुला फार्ममा यस्तो अवस्थामा कृपया पशुलाई नछुनु होला साथै केहि पनि नखुवाउनु होला भन्ने लेखिएको साईनबोर्ड पनि राख्न सकिन्छ वा आगन्तुकहरुलाई अग्रिम जानकारी गराउने।

- व्यक्तिगत सरसफाईमा राम्ररी ध्यान दिनु पर्दछ किनकि पशुपंक्षीहरु जनस्वास्थ्यमा असर गर्ने रोगहरुको श्रोत पनि हुन सक्छन् ।साथै मानिसहरु पनि पशुहरु वीच रोग सार्ने माध्यम बन्न सक्छन्।यसकारण फार्ममा पशुको सम्पर्कमा आउनु अगाडि हातलाई सफा पानी र साबुनले धोएर सफा लुगा, जुत्ता,गमबुट आदि लगाउने र पशुको सेवा गर्दा लगाईएका लुगा, जुत्ता- गमबुट जस्ता सामग्रीहरुलाई काम सकिए पछि राम्ररी सफा र निःसंक्रमण गरेर राख्ने।
- व्यवसायिक ठूला फार्म अवलोकनको सिलसिलामा आउने आगन्तुकहरुलाई संभव भएसम्म फार्मबाट तयार पारिएको लुगा, जुत्ता आदि उपलव्ध गराउन उपयुक्त हुन्छ।
- पशु ढुवानी गर्ने गाडी, कामको लागि प्रयोग हुने गाडा, जोत्ने हलो जस्ता सामग्रीहरुलाई प्रयोगमा ल्याउनु अगाडि निसंक्रमण गर्नु पर्दछ।